# प्रदेश सहकारी विकास बोर्ड विनियमावली, २०७८

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# <u>प्रदेश सहकारी विकास बोर्ड विनियमावली, २०७८</u>

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

२०७८।११।२६

प्रदेश सहकारी नियमावली, २०७६ को नियम ३९ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारको स्वीकृति लिई प्रदेश सहकारी विकास बोर्डले यो विनियमावली बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस विनियमावलीको नाम "प्रदेश सहकारी विकास बोर्ड विनियमावली, २०७८" रहेको छ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमाः-

(क) "अध्यक्ष" भन्नाले ऐनको दफा १२० को उपदफा (१) को खण्ड (क) बमोजिमको पदाधिकारी सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले ऐनको दफा १२० को उपदफा (१) को खण्ड (ख) बमोजिम प्रदेश सरकारबाट मनोनीत उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले प्रदेश सहकारी ऐन, २०७६ सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले ऐनको दफा १२३ बमोजिम स्थापना भएको प्रदेश सहकारी विकास बोर्डको कार्यालय सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले प्रदेश सहकारी नियमावली, २०७६ सम्झनु पर्छ ।

(च) "बोर्ड" भन्नाले ऐनको दफा १२० को उपदफा (१) बमोजिम गठित प्रदेश सहकारी विकास बोर्ड सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ ।

(ज) "रजिष्ट्रार" भन्नाले ऐनको दफा ७३ बमोजिम तोकिएको पदाधिकारी सम्झनु पर्छ।

(झ) "सदस्य" भन्नाले ऐनको दफा १२० को उपदफा (१) बमोजिम गठित प्रदेश सहकारी विकास बोर्डको सदस्यहरू सम्झनु पर्छ ।

३. **बोर्डको बैठकः** (१) बोर्डको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ।

(२) बोर्डको सदस्य-सचिवले बैठक बस्ने सूचनाको अतिरिक्त बैठकमा छलफल हुने विषयको कार्यसूची बैठक सुरु हुनु भन्दा कम्तीमा चौबीस घण्टा अगावै बोर्डका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ।

(३) बोर्डको बैठकमा तत्काल कायम रहेका सदस्य मध्ये पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थिति भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ।

(४) बैठकको अध्यक्षता बोर्डको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(५) बोर्डले आफ्नो बैठकमा कुनै विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(६) बोर्डको एक तिहाई सदस्यले बोर्डको बैठकको लागि लिखित माग गरेमा अध्यक्षले एक महिनाभित्र बैठक बोलाउनु पर्नेछ।

(७) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(८) बोर्डको बैठकको निर्णय उपस्थित सदस्यको हस्ताक्षरबाट प्रमाणित गर्नु पर्नेछ।

(९) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. **<u>उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** ऐन, बोर्डको निर्णय र अध्यक्षको निर्देशनको अधीनमा रही उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अध्यक्षको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता गर्ने,

(ख) समितिबाट अनुमोदन भएको बोर्डको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्ने,

(ग) बोर्डको निर्णय कार्यान्वयनको लागि सदस्य-सचिवलाई आवश्यक निर्देशन दिने,

(घ) बोर्डको उद्देश्य प्राप्तिको लागि आवश्यक नीति तयार गर्ने, गराउने,

(ङ) सरकारी क्षेत्रबाट बहुपक्षीय तथा द्विपक्षीय रूपमा सहयोग प्राप्त गर्न तयार पारिने आयोजना सम्बन्धी नीतिगत मार्गदर्शन तयार गर्ने, गराउने,

(च) बोर्डको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार परामर्श सेवा लिन स्वीकृति प्रदान गर्ने,

(छ) बोर्डले समय-समयमा तोकेका अन्य कार्यहरू गर्ने गराउने,

(ज) उपाध्यक्षले यो विनियमावली तथा बोर्डको निर्णय बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

५. **<u>सदस्य-सचिवको काम, कर्तव्य र अधिकार</u>:** बोर्डको निर्णय, अध्यक्ष तथा उपाध्यक्षको निर्देशनको अधीनमा रही सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको अनुमतिमा बोर्ड बैठकको कार्यसूची सदस्यहरूलाई उपलब्ध गराउने,

(ख) बोर्डको बैठकमा पेश गर्ने कार्यसूची तयार पार्ने र पेश गर्ने,

(ग) बोर्डको वार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन उपाध्यक्षको परामर्शमा तयार पारी बोर्ड समक्ष पेश गर्ने,

(घ) उपाध्यक्षको निर्देशन प्राप्त गरी बोर्डको नीतिगत कार्यक्रम तयार पार्ने तथा आवश्यकता अनुसार संशोधन प्रस्ताव पेश गर्ने,

(ङ) बोर्डको कार्य सञ्चालन बजेट बमोजिम उपाध्यक्षको स्वीकृति लिई खर्च गर्ने, गराउने,

(च) बोर्डको उद्देश्य प्राप्तिका लागि आवश्यकतानुसार परामर्श सेवा प्राप्त गर्न उपाध्यक्ष समक्ष पेश गर्ने,

(छ) बोर्डको दैनिक काम कारबाहीको रेखदेख गर्ने र कार्यालयको गतिविधि उपाध्यक्षलाई जानकारी गराउने,

(ज) उपाध्यक्षको स्वीकृतिमा बोर्डका कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने,

(झ) उपाध्यक्षको स्वीकृति पश्चात् कार्यक्रममा भएको खर्चको भुक्तानी गर्ने, गराउने,

(ञ) बोर्डले तोके बमोजिमका अन्य कार्यहरू गर्ने,

(ट) बोर्डले आर्थिक वर्ष भरीमा सम्पादन गरेका कार्यहरूको वार्षिक प्रतिवेदन तयार गरी बोर्ड बैठक समक्ष पेश गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ठ) सदस्य-सचिवले आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

६. **<u>समिति गठन गर्न सक्ने</u>ः** (१) बोर्डले कुनै कार्यक्रम सञ्चालन गर्न तथा सञ्चालनमा रहेका कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्न आवश्यकता अनुसार बोर्डका सदस्य तथा अधिकृतस्तरका कर्मचारी रहने गरी  समिति गठन गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिमको समितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि बोर्डले समिति गठन गर्दाको बखत निर्धारण गरे बमोजिम हुनेछ ।

७. **<u>सहकारी पुरस्कार</u>ः** (१) प्रत्येक आर्थिक वर्षमा सहकारी क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति वा सहकारी कार्यक्रम सञ्चालनमा अनुकरणीय नमुना प्रस्तुत गर्ने सहकारी संघ, संस्थाहरू मध्येबाट बोर्डले सहकारी पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम सहकारी पुरस्कार दिने आधार र मापदण्ड बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

८. **<u>कार्य सञ्चालन सम्बन्धी व्यवस्थाः</u>** (१) बोर्डले ऐन,  नियमावली र विनियमावलीको अधीनमा रही आवश्यकता अनुसार आन्तरिक कार्य सञ्चालनको लागि कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम कार्यविधि र निर्देशिका बनाउँदा प्रदेश सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

९. **<u>बोर्डको कर्मचारी</u>ः** (१) बोर्डलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारको स्वीकृत दरबन्दी बमोजिम मन्त्रालयले व्यवस्था गर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपविनियम (१) बमोजिम स्वीकृत दरबन्दीमा रहेका कम्प्युटर अपरेटर, हलुका सवारी चालक र कार्यालय सहयोगी जस्ता तह विहीन पदहरू मन्त्रालयले व्यवस्था गर्न नसकेमा बोर्डले मन्त्रालयको स्वीकृति लिई करारमा नियुक्त गर्न सक्नेछ।

१०. **<u>बोर्डको खाता सञ्चालन, लेखा र लेखापरीक्षणः</u>** (१) बोर्डको खाता सञ्चालन प्रचलित प्रदेश आर्थिक कार्यविधि ऐन र सो अन्तर्गत बनेका नियम बमोजिम सदस्य-सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) बोर्डको आम्दानी खर्चको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(३) बोर्डको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

(४) मन्त्रालयले बोर्डको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी वा जिन्सी मालसामान जुनसुकै बखत निरीक्षण गर्न, गराउन सक्नेछ ।

११. **<u>सुविधा उपलब्ध गराउनेः</u>** बोर्ड बैठक, समिति बैठक एवं अन्य कानूनद्वारा गठित समितिको बैठक भत्ता र कार्यालय सञ्चालनका लागि आवश्यक मसलन्द लगायतका प्रशासनिक खर्चहरू बोर्डको कार्यालयबाट उपलब्ध गराइनेछ।

१२. **<u>प्रदेश सरकारसँग सम्पर्कः</u>** बोर्डले प्रदेश सरकारसँग सम्पर्क राख्दा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१३. **<u>प्रतिवेदनः</u>** बोर्डले आर्थिक वर्ष भरीमा सम्पादन गरेका कार्यहरूको विवरण सहितको वार्षिक प्रतिवेदन स्वीकृत गरी आफ्नो राय र भावी योजना सहित प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

महिनाभित्र  मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

१४. **<u>आवश्यक व्यवस्था मिलाउने</u>:** यस विनियमावलीको कार्यान्वयनको क्रममा कुनै बाधा वा कठिनाई उत्पन्न भएमा मन्त्रालयको स्वीकृति लिई आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश